# तेस्रो गाउँ कार्यपालिकाको बैठक

## कपुरकोट गाउँपालिका, सल्यान

आज मिति २०८२ साले असोज ५ गते दिउसो ११:०० बजे यस कपुरकोट गाउँपालिकाका अध्यक्ष श्री दुर्गा बहादुर पुनज्यूको अध्यक्षतामा गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा कपुरकोट गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को तेस्रो गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर पुन | गाउँपालिका अध्यक्ष | |
| २ | श्री प्रकाश भरारी | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री बालाराम खड्का | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री इश्वर बुढा | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री प्रदिप खड्का | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री मित्रलाल कठायत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री होमराज खड्का | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री श्याम कृष्ण बोहरा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री बिमल कामी | कार्यपालिका सदस्य | |
| १० | श्री तिला कुमारी कामी | कार्यपालिका सदस्य | |
| ११ | श्री राधिका ऐरी | कार्यपालिका सदस्य | |
| १२ | श्री रेवती सुनार | कार्यपालिका सदस्य | |
| १३ | श्री अनिता पून | कार्यपालिका सदस्य | |
| १४ | श्री लीला बुढाथोकी रोका | कार्यपालिका सदस्य | |
| १७ | श्री दिनेश पौडेल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| सहयोगी कर्मचारीहरु | | | |
| १ | श्री नेत्र नारायण भण्डारी | शाखा अधिकृत | |
| २ | श्री विष्णु आचार्य | लेखा अधिकृत | |
| ३ | श्री रोमहर्ष के.सि. | अधिकृत छैटौं(जिन्सी शाखा) | |
| ४ | श्री तारादेवी सेन | सहयोगी कर्मचारी | |

Scanned with CamScanner

**आ.व. २०८२/०८३ को तेस्रो गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :**

१. गत कार्यपालिकाको बैठकको निर्णयहरुको समीक्षा सम्वन्धामा।

२. शोक प्रस्ताव तथा नेपाल सरकारले तोकेको पुनर्स्थापना तथा पुनर्निमाण कोषमा सहयोग सम्वन्धामा।

३. स्थानीय ग्रामिण तथा कृषि सडकहरुको मर्मत संभार सम्वन्धमा।

४. कपुरकोट गाउँपालिकाको वेरूजु समपरीक्षण सम्वन्धी निर्देशिका, २०८२ पारित सम्वन्धमा।

५. कपुरकोट गाउँपालिकामा फुसको छानो बिस्थापन सम्वन्धि कार्यविधि,२०८२ पारित सम्वन्धमा।

६. आ.व.२०८२/८३ को वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको कार्यान्वयन कार्ययोजना स्वीकृत सम्वन्धमा।

७. आ.व.२०८२/८३ को वार्षिक स्वीकृत खरिद सम्वन्धी कार्यक्रमहरुको खरिद योजना स्वीकृत सम्वन्धमा।

८. विविध विषयमा।

  ८.१. श्रम अभियान अन्तर्गत सञ्चालन हुने योजना सम्वन्धमा।

  ८.२. आ.व.२०८२/८३मा संघीय सरकारबाट हस्तान्तरित समपुरक र विशेष अनुदान अन्तर्गतका योजनाहरूको ठेक्का वन्दोवस्ति सम्वन्धमा।

  ८.३. वडा नं ४ हुदैं त्रिवेणी गा.पा. सल्यान जोड्ने सडकको सीमामा गएको पहिरो नियन्त्रण गर्दै उक्त सडक मर्मत सम्वन्धमा।

  ८.४. शुभकामना आदान-प्रदान सम्वन्धमा।

प्रमुख प्रशासकीय अधिकृत

# २०८२ असोज ०५ गते बसेको आ.व. २०८२/०८३ को तेस्रो गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय | सम्बन्धित शाखा |
|---|---|---|---|---|---|
| १. | गत कार्यपालिकाको बैठकको निर्णयहरुको समिक्षा सम्बन्धामा। | गत कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वयन सम्बन्धमा नियमित समीक्षा गर्नु पर्ने। | दोस्रो कार्यपालिकाको बैठकको निर्णयहरुको कार्यान्वयनको प्रगती विवरण बारे बैठकका सचिव एवं प्रमुख प्रशासकीय अधिकृतबाट संक्षेपमा प्रतिवेदन प्रस्तुत गरी छलफल गरियो। सबै निर्णयहरु कार्यान्वनय भएको देखियो। विगतका सुझावहरुको समेत कार्यान्वयन भएको पाइयों। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। | प्रशासन शाखा |
| २. | शोक प्रस्ताव तथा नेपाल सरकारले तोकेको पुनर्स्थापना तथा पुनर्निमाण कोषमा सहयोग सम्बन्धामा। | मिति २०८२ भाद्र २३ र २४ गते नेपालमा भएको जेन-जी आन्दोलनबाट मुलुकमा सिर्जित प्रतिकूल अवस्थाको विषयमा छलफल गरी शोक प्रस्तावका साथै पूनर्निर्माणका लागि सहयोग प्रदान गर्नु पर्ने। | मिति २०८२ भाद्र २३ र २४ गते नेपालमा भएको जेन-ज़ी आन्दोलनमा सहादत प्राप्त गर्नुहुने सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै शोकाकुल परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्ने।<br>साथै उक्त आन्दोलनबाट भएको सार्वजनिक तथा निजी सम्पत्तिको क्षतिप्रति यस गाउँपालिका परिवार गहिरो दुख व्यक्त गर्दै यस विषम परिस्थितिमा नेपाल सरकारलाई पर्न गएको आर्थिक भारलाई मध्यनजर गर्दै नेपालको संविधानको धारा २३२ बमोजिम संघ, प्रदेश र स्थानीय तहको सहकारिता, सहअस्तिव र समन्वयको सिद्धान्त अनुरुप यस गाउँपालिकाको आन्तरिक राजश्व श्रोतबाट रकम रू २,००,०००/ (अक्षेरूपी दुई लाख मात्र) बराबरको पुनर्स्थापना तथा पुनर्निमाण कोष स्थापना गरी नेपाल सरकारले तोके बमोजिम आर्थिक सहायता उपलब्ध गराउने निर्णय भई उक्त कोष स्थापना गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। | प्रशासन शाखा/ आर्थिक प्रशासन शाखा |
| ३. | स्थानीय ग्रामिण तथा कृषि सडकको मर्मत संभार सम्बन्धा। | चालु वर्षको अविरल वर्षाले क्षति पुर्याएको पालिका अन्तर्गतका ग्रामिण तथा कृषि सडकहरुको अविलम्ब मर्मत संभार गर्नु पर्ने भएको। | चालु आर्थिक वर्षको वर्षादको समयमा भल, बाढि र पहिरोको कारण अवरुद्ध तथा आवागमनमा कठिन र जोखिम भएका स्थानीय ग्रामिण तथा कृषि सडकहरुको मर्मतका लागि सबै वडा कार्यालयबाट सिफारिस सहित अनुरोध प्राप्त भएको सन्दर्भमा गाउँपालिकाको एक मात्र ब्याकहो लोडरको परिचालनबाट सफाई तथा मर्मत गर्दा लामो समय लाग्ने र सबै वडामा एकै पटक सडक मर्मत गर्न नसकिने भएको हुँदा कपुरकोट गाउँपालिकाको बेमौसमी तरकारी खेतीको बजारीकरण र आउदै | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। | योजना शाखा |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गरेका महान चाड दशै तिहारमा हुने यातायात आवागमनलाई सरल र सुरक्षित वनाउने विषयलाई मध्येनजर गर्दा वर्षाद समेत रोकिएकोले सडक सरसफाईको कार्यलाई मूल प्राथमिकतामा राखि वडा नं. ५ र वडा नं. ६ का सडकहरु गाउँपालिकाको मेशिनवाट मर्मत गर्ने र अन्य वडाहरुको हकमा चालु आर्थिक वर्ष २०८२/०८३ को स्विकृत कार्यक्रम **"स्थानीय सडक मर्मत" शिर्षकमा विनियोजित रु. १८ लाख वजेटवाट खर्च गर्ने गरी ४ वटा वडामा रु. ४/४ लाखका दरले, वजेट विभाजन गरी** सोहि सीमाभित्र रही अति शिघ्र सडक मर्मत संभारको कार्य थालनी गर्न गाउँकार्यपालिका कार्यालयलाई निर्देनशन गर्ने। | | |
| ४. | कपुरकोट गाउँपालिकाको वेरूजु समपरीक्षण सम्बन्धी निर्देशिका, २०८२ पारित सम्वन्धमा। | आन्तरिक तथा अन्तिम लेखा परिक्षणबाट औल्याइएका सबै प्रकारका वेरूजुलाई समपरिक्षण गर्दै गाउपालिकाको वेरुजु फछर्यौट गर्ने कार्यलाई व्यवस्थित गर्न निर्देशिका आवश्यक रहेको। | कपुरकोट गाउँपालिकावाट हुने सार्वजनिक खर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षणवाट औल्याइएका वेरुजुलाई समपरीक्षण गर्ने प्रक्रियालाई व्यवस्थित गराउने उद्देश्यले गाउँपालिका कार्यालयवाट तयार गरि पारितका लागि पेश भएको **"कपुरकोट गाउँपालिकाको वेरूजु समपरीक्षण सम्बन्धी निर्देशिका, २०८२"** उपर आवश्यक छलफल गरी पारित गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | आर्थिक प्रशासन शाखा |
| ५. | कपुरकोट गाउँपालिकामा फुसको छानो विस्थापन सम्बन्धी कार्यविधि, २०८२ पारित सम्वन्धमा। | नागरिकको आवास सम्बन्धी मौलिक हक कार्यान्वयनको लागि फुस वा खरले छाएको असुरक्षित छानो सुरक्षित जस्तापाताले विस्थापन गर्ने कार्यक्रम कार्यान्वयनका लागि सो सम्बन्धी कार्यविधि आवश्यक रहेको । | नागरिकको आवास सम्वन्धी मौलिक हक कार्यान्वयनको लागि फुस वा खरले छाएको असुरक्षित छानो सुरक्षित जस्तापाताले विस्थापन गर्ने कार्यक्रमलाई लक्षित लाभग्राहीमैत्री तवरले प्रभावकारी व्यवस्थापन गर्ने उद्देश्यले गाउँपालिका कार्यालयले तयार गरी पेश गरेको **"कपुरकोट गाउँपालिकामा फुसको छानो विस्थापन सम्बन्धी कार्यविधि, २०८२"** उपर छलफल गरि पारित गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | आ.व. २०८२/८३ को वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको कार्यान्वयन कार्ययोजना स्वीकृत सम्बन्धमा। | कपुरकोट गाउँपालिकाबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वियनका लागि आ.वं. २०८२/०८३ को स्वीकृत योजना तथा कार्यक्रमहरुको कार्यान्वयन सम्वन्धी कार्ययोजना तयार गर्नु पर्ने। | चालु आ.व. २०८२/०८३ को स्वीकृत योजना तथा कायक्रमहरुको सफल कार्यान्वयनका लागि गाउँपालिका अन्तर्गतका विषयगत शाखा र वडा कार्यालयहरुको तयार गरी तोकिएको ढाँचामा पेश भएको "वार्षिक कार्ययोजना तथा कार्यतालिका-२०८२/०८३" लाई अनुमोदन गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | प्रशासन शाखा |
| ७. | आ.व. २०८२/८३ को वार्षिक स्वीकृत खरिद सम्वन्धी कार्यक्रमहरुको खरिद्र योजना स्वीकृत सम्बन्धमा। | आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक वजेट, योजना तथा कार्यक्रम अन्तर्गत गाउँपालिकामा आवश्यक पर्ने वस्तु तथा सेवाको खरिद कार्यका लागि खरिद योजना स्वीकृत गरी कार्यान्वयन गरी वस्तु तथा सेवाको नियमित उपलब्धता सुनिश्चित गर्नु पर्ने। | चालु आ.व.का स्वीकृत योजना तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि गरिनु पर्ने सार्वजनिक खरिदलाई प्रतिप्पर्धी, मितव्ययी र पारदर्शी वनाउन सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ बमोजिम गाउँपालिकाबाट तयार भएको "खरिद योजना-२०८२/०८३" लाई स्वीकृत गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | खरिद ईकाई/ जिन्सी शाखा |
| ८. | विविध विषयमा। | ८.१. श्रम अभियान अन्तर्गत सञ्चालन हुने योजना सम्बन्धमा। | यस आ.व.को प्रथम गाउँकार्यपालिकाको निर्णय बमोजिम श्रम अभियान अन्तर्गत सञ्चालन हुने योजनाहरुका सम्बन्धमा वडा कार्यालयवाट सिफारिस भई आएका अनुसूची-१ बमोजिमका योजनाहरु स्वीकृत गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । | योजना तथा प्रशासन शाखा |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | ८.२. आ.व. २०८२/८३मा संघीय सरकारबाट हस्तान्तरित समपुरक र विशेष अनुदान अन्तर्गतका योजनाहरूको ठेक्का बन्दोवस्ति सम्बन्धमा। | • नेपाल सरकार-विशेष अनुदान पूर्जीगत [आन्तरिक ऋण- नगद (आन्तरिक ऋण) ] स्रोत भएको "बगरखोला भुन्टेटाकुरा लिफ्ट खानेपानी योजना वडा नं १" योजनामा नेपाल सरकारबाट तीन वर्षका लागि क्रमागत योजनाको रुपमा कुल लागत अनुमान रु. ३ करोड स्वीकृत भई चालु आ.व.मा रू ६९,०००( अक्षेरुपी उन्सत्तरी लाख मात्र ) विनियोजित भएकोले आगामी थप दुइ वटै आ.व.हरुमा समेत सोहि योजनाको लागि विशेष अनुदान अन्तर्गत बजेट माग गर्ने र कुनै कारणवस बजेट प्रास हुन नसकेको अवस्थामा समेत यस गाँउपालिकाबाट बजेट विनियोजन गरी बजेट सुनिश्चित गरी तीन वर्षका लागि रु तीन करोडको लागत अनुमानमा बहुवर्षिय ठेक्का बन्दोवस्त गर्न गाउँकार्यपालिका कार्यालयलाई स्वीकृति दिने।<br>• नेपाल सरकार-समपुरक अनुदान पूर्जीगत [आन्तरिक ऋण- नगद (आन्तरिक ऋण) ] स्रोत भएको " कपुरकोट कपुरकोट सातदोबाटो सडक स्तरोन्नती योजना वडा नं. ३" योजना नेपाल सरकारबाट दुई वर्षका लागि क्रमागत योजनाको रुपमा कुल ३ करोडको लागत अनुमान स्वीकृत भई चालु आ.व.मा स्थानीय तहको साँझेदारी समेत गरी कुल रू ८८,४०,०००( अक्षेरुपी अठासी लाख चालिस हजार मात्र) विनियोजित भएकोले आगामी थप आ.व.मा समेत सोहि योजनाको लागि नेपाल सरकार समक्ष समपुरक अनुदान अनुदान अन्तर्गत बजेट माग गर्ने र कुनै कारणवस त्यस्तो अनुदानप्रास हुन नसकेको अवस्थामा समेत यस गाँउपालिकाबाट बजेट विनियोजन गरी बजेट सुनिश्चित गरी दुई वर्षका लागि रु तीन करोडको लागत अनुमानमा बहुवर्षिय ठेक्का बन्दोवस्त गर्न गाउँकार्यपालिका कार्यालयलाई स्वीकृति दिने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो | योजना तथा प्रशासन शाखा |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | | ८.३. वडा नं ४ हुदैं त्रिवेणी गा.पा. सल्यान जोड्ने सडकको सीमामा गएको पहिरो नियन्त्रण गर्दै उक्त सडक मर्मत सम्बन्धमा। | उक्त सडक अन्तर्गत वडा नं ४ हुदैं त्रिवेणी गा.पा. सल्यान जोड्ने सडकमा चिन्ने खोला र काला खोला बीचमा पहिरो गई यातायात अवरुद्ध भएकाले विपद् जोखिम न्यूनिकरण एंव पहिरो नियन्त्रण गर्न उपभोक्ता समिती गठन गरी सडकको प्राविधिक इस्टिमेट बमोजिम सडक मर्मत गर्ने। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। | योजना तथा पूर्वाधार विकास शाखा |
| | | ८.४.शुभकामना आदान-प्रदान सम्बन्धमा। | नेपालीहरूको महान चाड विजयादशमी, तिहार, छठ लगायतका पर्वहरुले शान्ति सद्भाव र समृद्धी कायम गरोस भनी कार्यपालिका सदस्यहरुमा एक-आपसमा र कार्यपालिकाको तर्फबाट सम्पूर्ण कपुरकोटवासीहरु साथै आम नेपालीहरुमा शुभकामना प्रकट गर्ने निर्णय गरियो। | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो। | प्रशासन तथा योजना शाखा |

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

अनुसूची-१

(आ.व. २०८२/०८३ को तेस्रो गाउँकार्यपालिकाको वैठकको प्रस्ताव नं. ८ को निर्णय नं.८.१ संग सम्वन्धित)

**श्रम अभियानका लागि छनौट भई स्वीकृत भएका योजनाहरुको विवरण**

| क्र.सं. | वडा नं. | योजनाको नाम र स्थान | कैफियत |
|---|---|---|---|
| १ | १ | सारपानी आधारभूत स्वास्थ्य इकाई जाने बाटोको सल्याब निर्माण | सामग्री लागत खर्च रु. 3 लाख |
| २ | | दहबन बजार सडकको सल्याव निर्माण | |
| ३ | २ | खहरे सडक सल्याव निर्माण | सामग्री लागत खर्च रु. 3 लाख |
| ४ | ३ | मूलपानी तरकारी संकलन केन्द्र टहरो निर्माण योजना | सामग्री लागत खर्च रु. 3 लाख |
| ५ | ३ | कालिका मन्दिर भक्तजन प्रतिक्षालय निर्माण योजना | |
| ६ | ४ | घंगारीचौर पर्यपर्यटनको लागि सिढी निर्माण योजना | सामग्री लागत खर्च रु. 3 लाख |
| ७ | ५ | लेख सल्लाम पैया डाँडा देखि बगाले सम्म जोड्ने मोटर बाटो निर्माण योजना | सामग्री लागत खर्च रु. 3 लाख |
| ८ | | ओखरपाटा बाटो सल्याप निर्माण योजना | |
| ९ | | जामुरे तरकारी संकलन केन्द्र कोठा निर्माण योजना | |
| १० | ६ | सातामुल बराह क्षेत्रमा चमना गृह,स्टीर र ग्याबिन जाली निर्माण | सामग्री लागत खर्च रु. 3 लाख |

Scanned with CamScanner